# यमुनामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सरुअठा, रौतहट
### मधेश प्रदेश, नेपाल

**<u>चार पाङ्ग्रे सवारी साधन(Scorpio) गाडीको भाडा सम्बन्धी शीलबन्दी दरभाउ प्रस्ताव आह्वानको सूचना</u>**

प्रथम पटक प्रकाशित मितिः २०८२।०९।०२

यस यमुनामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरुअठा, रौतहटका लागि चालु आ.व. २०८२।८३ कार्यालय प्रयोजानका लागि चार पांङ्ग्रे सवारी साधन(Scorpio) गाडीको आवश्यकता हुने भएको हुँदा इच्छुक सवारी धनीले तपसिल बमोजिमको कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ७(सात)औ दिन सम्म शिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गरी उक्त शिलबन्दी दरभाउपत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सही छाप गरी गाडी भाडा बापतको मासिक दर रेट सहित शिलबन्दी दरभाउपत्र प्रस्ताव आवेदन दर्ता गराउनु हुन आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावना छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ.

तपसिल

| ठेका नं. | विवरण | ईकाई | परिणाम | कैफियत |
|---|---|---|---|---|
| ०१।०८२।८२ | चार पांङ्ग्रे सवारी साधन(Scorpio गाडी) | थान | १(एक) | |

आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु (सूचनाका शर्तहरु)

१. रु. १० को टिकट टाँस गरेको निवेदन थान(१)
२. चार पांङ्ग्रे सवारी साधन(Scorpio)को ब्लुबूकको छाँयाप्रति थान(१)
३. चार पांङ्ग्रे सवारी साधन(Scorpio)को विमाको कागजातको छाँयाप्रति थान(१)
४. चार पांङ्ग्रे सवारी साधन(Scorpio)को फोटो थान(१)
५. सवारी धनीको नागरिकताको छाँयाप्रति थान(१)
६. यस यमुनामाई गा.पा.को नाममा रहेको कुमारी बैंक लि. सुकदेव चौकशाखामा रहेको आन्तरिक राजश्वखाता ग१-१ खाता नं. २६२०२४७३३९३००००६मा नगद रु.१०००।- (अक्षरेपी एक हजार) दाखिला गरी सोको भौचर थान(१) शिलबन्दी साथ पेश गर्नु पर्ने हुन्छ।
७. शिलबन्दी बोलपत्र यस कार्यालयमा रकम दाखिला गरेको भौचर देखाई प्राप्त गर्न सकिनेछ।
८. सवारीधनीले शिलबन्दी सूचनाको ८औं दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्ने हुन्छ। शिलबन्दी सोही दिन दिउँसो २:०० बजे सवारी धनी वा निजको प्रतिनिधि र यस कार्यालयको कर्मचारी तथा पदाधिकारिहरुको रोहबरमा शिलबन्दी खोलिनेछ।
९. सवारी धनीले यस कार्यालयबाट प्राप्त गरेको दरभाउपत्रमा मासिक भाडा दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्ने हुन्छ, यदि अंकमा केरमेट भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।
१०. यस सूचनामा उल्लेख नभएका कुराहरु ऐन नियम प्रचलित कानुन बमोजिम हुनेछ।

नोटसः थप जानकारीका लागि सम्पर्क व्यक्तिः **श्रीनारायण झा मो.नं. ९८५५०४०७७९**

वकिल प्रसाद पाल
प्रमुख प्रशासकीय अधिकृत